081-5☎151, 520338, 520316
टोलफ्री नं : 16608152052
फ्याक्स नं : 081-520240
इमेल: nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगन्ज, बाँके

लुम्बिनी प्रदेश

पत्र सख्या : ०७७/०७८ (शिक्षा, युवा तथा खेलकुद विकास महाशाखा)

च.न. : १६६

मिति:२०७७।०८।०९

विषय : विद्यालय सन्चालन सम्बन्धी निर्देशन ।

श्री सम्पूर्ण विद्यालयहरु

नेपालगञ्ज उप-महानगरपालिका,बाँके ।

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय संचालन सम्बन्धी कार्यढाँचा २०७७ अनुसार यस उप-महानगरपालिकाका विद्यालयहरु संचालनका लागि बसेको सर्वदलीय र सर्वपक्षीय भेलाको निर्णयानुसार गठन भएको कोभिड -१९को अवस्थामा विद्यालय संचालन तथा व्यवस्थापन समितिको बैठक मिति २०७७।८।८ मा बसी सम्पूर्ण विद्यालयहरुलाई तपसिल वमोजिम निर्देशन दिने निर्णय भएकोले सो वमोजिम गर्न हुन जानकारी गराइन्छ ।

तपसिल

(१) विद्यालयले वि.व्य.स., शि.अ.संघ , वडा अध्यक्ष , जनप्रतिनिधि , अभिभावक , स्थानीय राजनीतिक दल , स्वस्थ्यकर्मी , वाल क्लव , शिक्षक सहितको भेला गरी स्वस्थ्य सुरक्षाका मापदण्ड सहित विद्यालय सन्चालनको प्रस्ताव तयार गरी मिति २०७७ मंसिर ११ गते विहिवार सम्म नेपालगन्ज उप महानगरपालिका शिक्षा , युवा तथा खेलकुद महाशाखामा अनिवार्य पेश गर्ने ।

(२) विद्यालय सन्चालनको अनुमती प्राप्त भएमा निम्नानुसार स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालन गर्ने गराउने ।

(क) सम्पूर्ण विद्यार्थीको तापक्रम लिने व्यवस्था गर्ने ,

(ख) विद्यार्थीहरु विद्यालय प्रवेश गर्दा , विद्यालयबाट फर्कदा र विच विचमा साबुन पानीले हात धुने व्यवस्था गर्ने ,

(ग) विद्यालयमा सेनिटाइजरको व्यवस्था गर्ने ,

(घ)विद्यार्थीहरुलाई अनिवार्य रुपमा मार्क्स लगाउने व्यवस्था गर्ने ,

(ङ)विद्यार्थीको वसाइ १ मिटरको भौतिक दुरी कायम गर्ने ,

(च) शिक्षक , अभिभावक र विद्यार्थीको सहभागितामा आंचार संहिता तयार , वितरण र कार्यान्वयन गर्ने ,

(छ) अभिभावक , स्वस्थ्यकर्मी र जनप्रतिनिधिको सम्पर्क नं. अनिवार्य रुपमा राख्ने ।

(३) सम्पूर्ण संस्थागत विद्यालयहरुले नेपालगन्ज उप महानगरपालिकाले तोकेको शुल्कमा नबढ्ने गरी मंसिर महिनाबाट शुल्क लिन पाउने ,

(४) विद्यार्थीहरुलाई विद्यालय पढाउने सम्वन्धमा अभिभावकलाई दवाव नदिने ।

(५) विद्यालय सन्चालन सम्वन्धी कार्यढाँचा २०७७ www.moe.gov.np बाट डाउनलोड गरी सोही वमोजिम गर्ने ।

बहादुर थापा
उप सचिव (प्रा)